# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD




**राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार**

Volume 22 No 2 Monthly International Edition of Herald of His Coming February 2021

वर्ष २२, अङ्क २ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (फागुन, २०७७)


# यदि तिमीले माग्यौ भने मैले गर्ने छु
## If you Ask : I will Do

**By Lovia Vaughan**

March/April Issue 2020

आज म तपाईंहरूलाई परमेश्वरले कसरी यो वाक्यांश लाई पूरा गर्नुभयो आफ्नो व्यक्तिगत अनुभवबाट बाँड्न जाँदै छु । यो घटना १९०३ ई.सं. मा म चीन देशमा थिएँ । त्यहाँ मैले महिलाहरूको लागि एउटा अनुसन्धानात्मक बाइबल कक्षा सुरु गरेँ । म चीन देशमा पाँच वर्षसम्म भाषा सिक्दै अरू सामाजिक कार्यहरूमा सहभागी भएको थिएँ । विभिन्न चुनौतीहरू पार गर्दै जाँदा आज आएर महिलाहरूको बीचमा यस्तो कक्षा सुरु गर्न पाउँदा म अति नै उत्साहित थिएँ ।

डुङ किया अनकौं सानो गाउँमा लाओ पहाडभित्र लुकेर चिनियाँ पास्टरहरूले पच्चीस जना महिलाहरूलाई भेला गरे । ती महिलाहरूले परमेश्वरको वचन राम्रोसँग सिकुन् भन्ने नै यो कक्षाको उद्देश्य थियो । मैले त्यहाँ दस दिन जति परमेश्वरको वचन सिकाउनु पर्ने थियो । मैले सोचेको थिएँ- ती महिलाहरूले कमसे कम केही पढ्न सक्छन् तर अवस्था त्यस्तो थिएन । मैले आशा गरेजस्तो अवस्था थिएन । जब मैले व्यक्तिगत रूपमा तिनीहरूसँग कुराकानी गरेँ त्यसपछि मैले आशा गरेभन्दा फरक अवस्था भएकाले मेरो उद्देश्य पूरा हुन सक्ला जस्तो लागेको थियो ।

एकजना साथीले मलाई भन्नुभयो कि अब मैले तिनीहरूलाई केही पनि सिकाउन सक्दिन । म अति नै निरुत्साही भएँ, कताकता रिस उठेजस्तै भयो । अर्की एकजनाले भनिन् "मैले तपाईंले सिकाएको केही पनि बुझ्केकी छैन ।" तिनीहरूको ध्यान पढाइतिर थिएन । यी दोस्री महिलाले त आफ्ना नानीहरू पनि लिएर आएकी थिइन्, वास्तवमा उनका दुईवटा नानीहरू थिए । उनको ध्यान पढाइमा थिएन । नानीहरूलाई घरी यो हातमा घरी काखमा खेलाएर बस्थिन् । उनीसँगै अर्की साठी वर्षजतिकी महिला पनि थिइन्, तिनले पनि पढाइमा ध्यान दिएकी थिइनन् । ती महिलाले मसँग आँखैआँखाको इसाराले भनिन्, "मलाई पढाउनै आउँदैन ।" "शिक्षिका वान (मेरो नाम) तपाईंले राम्रै पढाउनु भयो होला तर मैले केही पनि सिकेको छैन । मेरो उमेर पनि गयो, आँखा पनि कमजोर छ, कसरी म किताब पढ्न सक्नु र ?"

त्यो समूहमा भएका सबैजनासँग त्यस्तै अनुभव थियो । वास्तवमा उनीहरू कहिल्यै स्कुल गएकै थिएनन् । उनीहरूले आफ्नो मातृभाषाको चरित्र जानेकै थिएनन् । तिनीहरू वास्तवमा वचपन अवस्थादेखि नै पढ्न नजान्नेहरू नै थिए । तिनीहरूमध्ये एकजनाको त खुट्टा भाँच्चिएको रहेछ र पीडाले गर्दा मुहार अमिलो बनाइरहन्थि् ।

**निरुत्साहित**

जब म कक्षामा जान्थेँ र हाजिर गर्थें, म एकदमै निरुत्साहित हुन्थेँ । मैले आफैमा एउटा प्रश्न सोध्ने गर्दथेँ, "यी महिलाहरूलाई कसरी पढाउन सकिएला ?" तिनीहरू त्यहाँ सिक्न आएका छन्, वास्तवमा उनीहरू मण्डलीको पास्टरले पठाएर आएका थिए । तिनीहरूको विचार एकदमै कोरा छ यद्यपि तिनीहरूले सिक्ने प्रयास पनि गरेका छैनन् । अब के गर्ने होला भनी निरास हुँदै म एउटा सानो कोठामा छिरेँ र प्रार्थना गर्न सुरु गरेँ । मेरो मनले

**यस अंकका सामग्रीहरू** Monthly International Edition of Herald of His Coming **बाट जस्ताको तस्तै अनुवाद गरिएको छ - सं.**

एकदमै जिद्दी गरेर प्रश्न गऱ्यो, "ए तेरो विश्वास कहाँ छ ? यो परिस्थितिमा विश्वासले कहाँ काम गर्दछ" मेरो मनमा घरी घरी आउन थाल्यो, मैले भनें, "यो मेरो वशभन्दा बाहिरको कुरा हो वास्तवमा यो असम्भव नै हो ।"

"मानिसहरूको लागि यो कुरा असम्भव नै छ तर परमेश्वरमा सबै कुराहरू सम्भव छ" यो पनि मलाई थाहा छ ।

मैले मेरो अज्ञानतालाई स्वीकार गर्दै घुँडा टेकेँ र अब प्रार्थना गर्न सुरु गरेँ । म के गरुँ ! प्रभु मेरो मुखबाट निस्किरहेको थियो । तब त्यो अँध्यारो कोठामा परमेश्वरको प्रतिज्ञाका दुईवटा वचनहरू मेरो कोठामा ज्योति झैं चम्कँदै आए । "तिमीले मेरो नाउँमा जेसुकै माग्नेछौ, त्यो म गर्नेछु, "त्यसैमा पुत्रको नाउँमा पितालाई महिमा हुनेछ । यदि तिमीले मेरो नाउँमा जे पनि माग्यौ भने मैले त्यो गर्नेछु ।" (यूहन्ना १४ : १३ - १४)

यी अनुग्रहकारी शब्दहरूले मेरो विचार नै परिवर्तन पारिदियो । अब म चिन्ता फिक्री नै नगरी अगाडि बढ्नु पर्दछ भन्ने भित्रैबाट उत्साह पो आउन थाल्यो । मेरो सर्वशक्तिमान परमेश्वरसँग मैले केही गर्नुपर्ने थिएन तर केवल सोध्नु वा माग्नु मात्र पर्ने थियो । ती महिलाहरूको अवस्था कस्तो थियो मैले केवल प्रार्थना गरेँ । परमेश्वरले परिवर्तन गर्नुभयो , मैले थाहा गरेँ म पनि यी जस्तै महिला नै हुँ, मेरो लागि जस्तै यिनीहरूको लागि पनि खीष्ट मर्नुभएको थियो । उहाँले मलाई तिमीले जे मागे पनि पिताको महिमाको लागि यो गर्नेछु भन्ने प्रतिज्ञा दिनुभएको थियो । अब मलाई अर्को पनि उत्साह मिल्यो, "मलाई थाहा छैन कसरी र कहिले तर उहाँले आफ्नो प्रतिज्ञा अवश्य पूरा गर्नु हुनेछ ।"

यी शब्दहरूद्वारा मेरो हृदयमा एउटा विशाल शान्ति प्राप्त गरेँ, हामी एक राजाको निम्ति यस ठाउँमा छौं ।

हामी महान् बिन्ती उहाँकहाँ ल्याउँछौँ,
मेरो हृदयको विचार उहाँ जान्नु हुन्छ,
अनि मेरो प्रार्थना उहाँले सुन्नु हुन्छ ।

यो समयमा मैले साधारण प्रार्थना भने गरिन, तर एकैदमै गम्भीर रूपमा । मैले पितासँग येशूको नाउँमा तिनीहरूको पक्षबाट विशेष प्रार्थना गरेँ, प्रभु तिनीहरूलाई क्षमा गर्नुहोस्, पवित्र आत्माले तिनीहरूलाई भर्नुहोस्, तिनीहरूका पापाहरू क्षमा गर्नुहोस्, तिनीहरूले येशूलाई व्यक्तिगत रूपमा प्रकट गर्न सकुन्, तिनीहरूलाई खीष्टको रगतले धुनुहोस्, यिनीहरूले येशूको गवाही दिन डर नमानुन् भनी ती महिलाहरूको लागि एकदमै गम्भीर भएर प्रार्थना गरेँ । औ कस्तो अचम्म अब तिनीहरूलाई मैले प्रेम गर्न थालेँ । आमिन् ।

**प्रार्थनाको उत्तर**

यी असाक्षर र साधारण महिलाहरूको कक्षामा म फेरि गएँ । म अहिले तिनीहरूलाई प्रेम गर्दै यस्तैहरूलाई सिकाउनु पर्छ । बन्धनमा भएकालाई फुकाउनु पर्छ भन्दै अति नै उत्साहीसाथ कक्षामा गएँ । तिनीहरूको पापी र अन्धकारपूर्ण हृदयमा परमेश्वरको आश्चर्य काम देख्न सकेँ । वा ! कस्तो अचम्म, मलाई केही समय धैर्य गर्नै पऱ्यो तर मैले जे मागेँ उहाँले दिनुभयो ।

यसै बीचमा मैले तिनीहरूलाई यसरी प्रार्थना गर्न सिकाएँ -

"हे हाम्रा स्वर्गमा बस्नु हुने पिता मेरो पाप क्षमा गर्नुहोस्, मलाई खीष्टको बहुमूल्य रगतले शुद्ध पार्नुहोस्, मलाई पवित्र आत्माले भर्नुहोस्, येशूको नाउँमा आमिन् ।

यो साधारण अन्तरबिन्ती सिक्न कुनै कुनै महिलाहरूलाई त तीन दिन पनि लाग्यो । तर तिनीहरूले यो सिके ।

मेरो पहिलो दिन बिस्तारै बित्यो, तिनीहरूमा त्यति फरक भए जस्तो पनि लागेन । भोलिपल्ट बिहान पनि म कक्षामा गएँ, ममा परिवर्तन थियो तर उनीहरूमा खासै त्यस्तो परिवर्तन देखिन । तर जब दिउँसोको कक्षामा म गएँ । एउटा अनौठो जागृति देखियो । म कक्षामा पसेँ एकै छिन घुँडा टेकेर प्रार्थना गर्न सुरु गरेँ । मैले आँखा बन्द गरेकै बेलामा एकजना महिला आफ्ना पापहरू स्वीकार गर्दै जोड जोडले रोइन् । तिनले क्षमा मागिरहेकी थिइन्, येशूको रगतले क्षमा गर्नुहोस् भनी घोषणा गरिरहेकी थिइन् । पवित्र आत्मालाई तिनले स्वागत गरिहेकी थिइन् । एकछिनपछि हामी सबै जना उठ्यौँ र पवित्र आत्मालाई नयाँ सृष्टि भएकाहरूले जस्तै स्वागत गऱ्यौँ ।

अरू केही दिनसम्म यिनै महिलाले अरू महिलाहरूलाई पवित्र आत्माले भरिनु पर्दछ भन्ने विषयमा अगुवाइ गरिन् । अब सबै कक्षाका महिलाहरूले मुक्तिको अनुभव गर्न सके । अब सबै कक्षा नै पवित्र आत्माको साँचो अभिषेकले भरियो । त्यो कक्षा पहिलाको जस्तो अब रहेन । अब हरेकले नयाँ नयाँ कुराहरू जान्नको लागि निकै उत्सुक भए । मलाई हरेकलाई सिकाउन अब भने समय नै भएन । तिनीहरूले कसरी सिक्नु पर्ने हो अब त्यही तरिकामा तिनीहरू आएका थिए । म कति खुसी भएँ त्यसको सीमा नै भएन । अब हाम्रो कक्षा कति फरक भएको थियो ।

म चीनमा अरू दस वर्ष बसेँ हरेक वर्ष पाँच, छ वटा यस्तै कक्षाहरू मैले सञ्चालन गर्दथेँ । हरेक पटक मैले यूहन्ना १४ : १३ - १४ सम्मलाई घोषणा गर्दथे र पवित्र आत्माको काम हरेक पटक देखिन सकोस् भनी परमेश्वरमा पूर्ण भरोसासहित प्रार्थना गर्दथेँ । पवित्र आत्माको शक्ति नपाईकनै कुनै पनि कक्षा त्यत्तिकै जाँदैनथ्यो । परमेश्वरले अचम्मको काम गर्दै रहनु भयो ।

## हराएको श्रीमान्का लागि प्रार्थना

मेरो जीवनमा अर्को एउटा घटना भयो, त्यो समयमा म एउटा गाउँमा पढाउने काम गर्दथेँ । त्यो गाउँमा एकजना महिला रहिछन् र उनले एउटा अमेरिकन गोरी महिलाले चिनियाँ भाषा बोल्दछिन् भन्ने थाहा पाएर मलाई भेट्न उत्सुकता मान्दै भेट्न आइन् । मैले चिनियाँ भाषामा परमेश्वरको वचनद्वारा प्रार्थना गर्न सिकाउँदै थिएँ । त्यतिबेलै उनले सोधिन्, "दिदी के म पनि त्यसरी प्रार्थना गर्न सक्छु ?" मैले भनेँ, "के तिमीले येशूलाई हृदयको भित्री भागबाट स्वीकार गर्न चाहन्छयौ ?" त्यसो हो भने तिमीले अवश्य सिक्नेछौ" उनले स्वीकार गरिन् र कक्षामा आइन् । दिउँसो कक्षा सिद्धिएपछि उनी आफ्नो घरमा फर्किन् ।

उनी भोलिपल्ट पनि कक्षामा आइन् । सबै जनाले घुँडा टेक्दै प्रार्थना गर्दै थिए । श्रीमती वाङ (ती महिलाको नाम) ले आफ्ना पापहरू स्वीकार गरिन् र परमेश्वरसँग आफ्नो हृदय सफा गर्न पश्चाताप गरिन् । त्यो रात उनी हामीसँगै तालिम केन्द्रमा बसिन् । त्यो साँझ पनि मैले यूहन्ना १४ : १३ - १४ बाट नै सिकाएँ । परमेश्वरले मलाई पनि फरक प्रकारले सिकाइरहनु भएको थियो । मैले भनेँ, "यी प्रतिज्ञाहरू तपाईं र तपाईंको आगामी पुस्ताको लागि हो । त्यतिबेला श्रीमती वाङ जुरुक्कै उठिन् र भनिन्, "के परमेश्वरले मेरा श्रीमान्लाई क्षमा दिनुहुन्छ ?" उहाँ मतवाला हुनुहुन्छ, मैले विवाह गरेको दिनदेखि नै उहाँ कहिल्यै पनि असल अवस्थामा घर आउनु भएको छैन । उहाँले पिउनको लागि प्रशस्त पैसा खर्च गर्नुहुन्छ तर बच्चाहरू र मेरो लागि कहिल्यै केही पनि ल्याइदिनु हुन्न । हामीसँग लगाउने लुगा छैन, खानेकुरा छैन, बिरामी हुँदा औषधी छैन । मर्नेबेला जस्तै हुँदा पनि कहिल्यै वास्ता गर्नु भएन ।

उनले मलाई सोधिन्- "श्रीमती वान् ! के परमेश्वरले मेरा श्रीमान्लाई बचाउन सक्नुहुन्छ ?" मैले जवाफ दिएँ, "उहाँले सक्नुहुन्छ" उहाँ पापीलाई क्षमा दिन र बचाउन आउनु भएको हो ।" के तपाईं यो कुरा विश्वास गर्नु हुन्छ ? उनले भनिन्, "ओ ! त्यो विषयमा म अनविज्ञ छु । मलाई मेरो श्रीमान्लाई कसरी प्रार्थना गर्ने र क्षमा दिने विषयमा थाहा छैन ।"

उनलाई मैले कक्षामै राखेँ हामीसँगै प्रार्थना गर्‍यौं अर्को दुई हप्ता हामीसँगै रह्यौं र क्षमा भनेको के हो भनी सिक्ने मौका पायौं र उनले आफ्नो श्रीमान्लाई अधिकार गर्न र क्षमा दिन सक्नुभयो । उनको जीवनमा क्षमा र स्वीकारले काम गरेको मैले थाहा पाएँ । अब उनी फरक मानिस भइन् । आमिन् । परमेश्वरले काम गर्नुभयो ।

## एक परिवर्तित मानिस

एक वर्षपछि म फेरि त्यो गाउँमा फर्कने मौका पाएँ । हाम्रो कक्षाकै दौरानमा म त्यहाँ गएकी थिएँ । केही घण्टापछि हाम्रो कार्यक्रम सुरु हुन लागेको थियो । श्रीमती वाङ सबैभन्दा पहिला कक्षामा आउनु भयो । मेरो नजिकै आएर खुसी हुँदै उनले आफ्नो वृत्तान्त यसरी बताइन्- प्रिय दिदी वान् १ वर्ष अगाडि मैले तपाईंको यो कक्षामा भाग लिने मौका पाएकी थिए । त्यो कक्षामा मैले आफ्नो जीवनमा येशू खीष्टलाई हृदयमा ग्रहण गरे कि थिएँ । त्यसपछि म घर गएँ र म मसिही भएको कुरा मेरा श्रीमान्लाई बताएँ । उनले मलाई एकदमै ध्यान दिएर सुने र अति नै रिसाएर बेस्सरी पिटे र म एक महिनासम्म विस्ताराबाट उठ्नै नसक्ने भएँ । उनले मलाई एकदमै नराम्रो व्यवहार गर्न लागे । उनी एकदमै खराब मानिस भएर निस्कन थाले । छ महिनासम्म उनले यसरी दुःख दिए कि मलाई बाँच्नै गाह्रो भयो । म मर्नै लागेकी थिएँ तर मेरो विश्वास खीष्टमा रहिरहेको थियो । मैले उनलाई लगातार प्रार्थना गरिरहेँ र परमेश्वरले उनलाई क्षमा दिऊन्, भनी खीष्टले गर्नुभएको क्षमालाई सम्फिरहेँ । उनले मलाई एकदमै तल्लो स्तरको व्यवहार गर्दथे । छोराछोरी तितरवितर भए, मेरो जीवन सिद्धियोजस्तै लाग्यो ।

एक दिनको कुरा हो उनी बजारबाट अलि छिटो घरमा आए । उनलाई चिनेको समयदेखि, सायद यो नै पहिलो पटक होला उनी यति छिटो घरमा आए, मलाई अचम्मै लाग्यो, मैले भने तपाईंलाई के भयो, मलाई अचम्मै लाग्यो र आँखाबाट आँसु पनि आए । तपाईंलाई के भयो भन्नुसु न ! मैल घरि घरि सोधेँ । उनले भने के म आज पागल भएको छु र ? आज मैले अलि छिटो मेरो व्यापार समाप्त पारेँ, म रक्सी पसलभित्र छिरेको मात्र के थिएँ, मेरो खुट्टा भित्र छिर्न मात्र के कोशिस गरेका थिए, एउटा ठूलो आवाजले भन्यो, त्यो भित्रबाट आयो कि म बाहिरबाट थाहा छैन, "तिमीभित्र नपस, घर जाऊ" भन्ने आवाज सुनेँ । म त पागलजस्तै भएछु र खल्तीबाट पैसा निकालेर सबै भुईंमा खन्याएछु । मैले केटाकेटीले मलाई जिस्काएको हो कि जस्तो पो महसुस गरेँ । तर वरिपरिको वातावरण त्यस्तो थिएन । म एकदमै अलमलिएजस्तो लाग्यो, आफैलाई मूर्ख भनिरहेको, दोष लगाइरहेको पाएँ । म रक्सी पसलबाट बाहिर निस्कन चाहेकै थिइन्, पागलपन देखाइरहेको थिए । त्यसैबेला अर्को ठूलो आवाज मसँग बोल्यो, "अगाडि नबढ, घर फर्केर जाऊ, त्यता नजाऊ, घर जाऊ । त्यसपछि अगाडिको बाटो छेकेजस्तो लाग्यो, म फरक्क फर्केर थाहै तपाईं घरतिर फर्के मलाई एकदमै डर लागेको छ, मलाई के भयो लौन लौन, के गरुँ भन्दै उनी डराएर बरबराइरहेका थिए ।" उनी बोलिरहेकै बेला मलाई थाहा भयो, यहाँलाई

परमेश्वरले केही काम गरिरहनु भएको थियो । मैले भने, "त्यो आवाज येशूको हो, उहाँ येशू हुनुहुन्छ, उहाँ स्वर्गीय पिताको एकमात्र पुत्र हुनुहुन्छ । उहाँले खराब कुरालाई मन पराउनु हुन्न । उहाँ हाम्रो पापको खातिर क्रुसमा मर्नुभयो, उहाँले अबदेखि उसो तिमीलाई रक्सीको पसलमा जान दिनुहुन्न, त्यहाँ गएर आफ्नो जीवनलाई बर्बाद पारेको उहाँ चाहनुहुन्न, उहाँ पवित्र परमेश्वर हुनुहुन्छ, अनि उहाँ तिमीसँग पवित्र आत्माको आवाजद्वारा बोल्नु भएको हो ।" भनी मैले एकोहोरो बोलिरहेँ उनले मलाई हेरिरहे । उनको अनुहारमा क्षमाको भाव देखिन्थ्यो ।

मैले भनेको कुरा सुनेर उनी छक्कै परेर मलाई पश्चातापको आँखाले हेरिरहे ! मैले घरि घरि दोहोऱ्याएँ येशूले तिमीलाई प्रेम गर्नुहुन्छ । उहाँ हामी हरेकको मुक्तिदाता हुनुहुन्छ । अहिलेसम्म उनले खास प्रतिक्रिया दिएका थिएनन्, उनले उच्चस्वरमा मलाई भने हे मेरी प्रिया ! यो कुरा तिमीले मलाई पहिल्यै किन भनिनौ, येशू मेरो पनि मुक्तिदाता हुनुहुँदो रहेछ ।" मैले भने "तिमीलाई धेरै पटक भन्ने प्रयास गरेँ तर तिमीले कहिल्यै पनि बुझ्न सकेनौँ ।" उनले मलाई भने "हो तिमीले भन्यौ होला तर मैले बुझ्न सकिन, अब उप्रान्त म कहिल्यै पनि रक्सी खाने छैन ! कृपया मलाई क्षमा गर ।"

त्यसपछि उनले कहिल्यै पनि रक्सी पिएनन् । उनले एकदमै परिवर्तित मानिस भए । अब हामी एउटा परमेश्वरको वचन प्रचार गर्ने मण्डलीसँगै जान थाल्यौं, छोराछोरीहरूलाई खीष्टियन स्कुलमा भर्ना गऱ्यौं । उनका पतिले परमेश्वरलाई चिनेपछि श्रीमती वाङ अरू चार वर्ष बाँच्नु भयो र एउटा असल विश्वासी भएर आशिषित जीवनको समाप्ति गर्नुभयो । यो गवाही सुन्न पाउँदा म पनि अति नै आशिषित भएँ । परमेश्वरसँग परिवर्तन गर्ने शक्ति छ । त्यो घर आशिषमा परिवर्तन भयो । म हरेकलाई उत्साह दिन चाहन्छु । उहाँले मानिसलाई परिवर्तन गर्नुहुन्छ । (Adapted from answersd or unanswered by Miss Lonisa Vaughan)

# खीष्टको सम्पूर्णता

## Tha All-Sufficiency of Christ

**By FB Meyer**

March/April Issue 2020

येशू खीष्टले प्रेम गर्ने चेला जो चाहिँ खीष्टको पाउमा घोप्टो परेर आफ्नो मृत्यु सम्म विश्वासी रहनलाई प्रोत्साहन गर्नुहुन्छ । प्रकाशको पुस्तकमा प्रभु येशूले स्मर्नाको मण्डलीलाई मृत्युसम्म उत्साहित भएर विश्वासी रहन प्रोत्साहन गर्नुहुन्छ । जब मानिसले परमेश्वरलाई पवित्र आत्माको जिउँदो खोलाको निम्ति पुकार गर्दछ, तब उहाँले विभिन्न सहरका ढोकाहरू खोलेर प्रसस्त आशिष दिनुहुन्छ । त्यसैले उहाँ भन्नुहुन्छ "म अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त्य हुँ" (प्रकाश २२ : १३)

यस्तो समयमा हामीहरूलाई यो महत्वपूर्ण प्रश्न हो कि, हामी प्रत्येकले खीष्टसँग प्रयाप्त मात्रामा व्यक्तिगत सम्पर्क राख्न सकेका छौ कि छैनौ भनेर पक्का गरौ । हामीले उहाँको बारेमा सुनेका छौ, पढेका छौ, कुरा गर्दछौ, तर उहाँलाई हामी हाम्रो भित्री हृदयदेखि कत्तिको चिन्दछौ ? के उहाँले फिलिपलाई भने झै हामीहरूमध्ये कसैलाई दुखित भएर यसो भन्नु त भएको छैन : लामो समयदेखि म तिमीसँग बसेको छु तर तिमीलाई चिन्दैनौ । अर्को तर्फ पावलले यसो भन्दछन्, "साँच्चै भन्ने हो भने खष्टि येशू मेरा प्रभुलाई चिन्न पाउने अमूल्य कुराको तुलनामा सबै कुरालाई म हानी नै ठान्दछु । खीष्टलाई प्राप्त गर्न सकू भन्ने उहाँको निम्ति मैले सबै कुरालाई म हानि नै ठान्दछु । खीष्टलाई प्राप्त गर्न सकू भन्ने उहाँको निम्ति मैले सबै कुराको नोक्सानी भोगेको छु अनि ति सबैलाई फोहोर मैला तुल्य" बन्दछु, र सम्पूर्ण रूपले म उहाँमा भएको पाइन सकु । व्यवस्थामाथि आधारित भएको मरो आफ्नै धार्मिकता होइन, तर मेरो धार्मिकता यहि हो, जो खीष्टमाथि निर्भर हुन्छ, जुनचाहिँ विश्वासद्वारा परमेश्वरबाट आउने धार्मिकता हो । म उहाँलाई र उहाँको पुनरुत्थानको शक्ति जान्न सकू र उहाँको मृत्युमा उहाँजस्तै भई उहाँका दुःख भोगमा सहभागी हुन सकू ।" (फिलिस्पी ३ : ८ - १०)

**उहाँ हाम्रो आवश्यकताको पूरक हुनुहुन्छ**

कहिलेकाही हामीलाई यस्तो प्रश्न पनि उठ्न सक्छ कि येशूलाई हामीले नचिन्दा पनि हाम्रो जिवनमा हाम्रा आवश्यकता पूरा भएकै न थियो तर त्यो होइन हामीमा आवश्यकता पुरा भए पनि आत्मा सन्तुष्टि भने थिएन । हामी उहाँमा अगाडि बढ्छौ परमेश्वर हाम्रो असाहएका सहारा बनिदिनुहुन्छ, असफलतामा सफलतादिनुहुन्छ असाधारण मान्छेलाई उहाँले आफ्नो अनुग्रहमा तीव्र रूपले अघि बढ्न सहायता गर्नुहुन्छ । जब हामी उहाँको अस्तित्वलाई थाहा गर्छौ तब मात्रै हामीलाई येशू को हुनुहुन्छ भन्ने थाहा हुन्छ । अनि हामी उहाँको बारेमा सबै कुरा बुझ्न तयार हुन्छौ ।

असुरीहरू यरुशलेमको सेनाहरूको विरुद्धमा खडा हुँदा उनिहरूले भरपर्दो उपकरण लिएर सामना गर्नु परेको बेलामा यशैया र हिजकियाहले परमेश्वरसँग यसरी भने, “त्यहाँ परमप्रभु हाम्रा परमेश्वर शक्तिशाली जन हुनुहुनेछ। त्यो ठुला ठुला नदिहरू र खोलाहरूको ठाउँमा हुनेछ। पतवारले डुङ्गाहरू त्यहाँ चल्ने छैनन्। ठुलो जहाज पनि त्यहाँ जाने छैन।” (यशैया ३३ : २१) त्यो नदि सुरक्षा र हेरचाहको नदी थियो जसले परमेश्वरको सहरलाई खुसी पार्न सक्छौ त्यसलाई परमेश्वरले अशिक्षीत बनाउनु हुन्थ्यो। कुनै कुराको पनि अभावमा राख्नु हुने थिएन। जब इस्राएलीहरूलाई हरेक कुराको अभाव हुन्थ्यो उहाँ आफैले पवित्र आत्माको नदी बनी अभावहरू बगाइदिनुहुन्थ्यो र मानिसहरूलाई सम्पूर्णताको जिवन दिनुहुन्थ्यो। त्यसैकारणले उहाँ उनीहरूको आवश्यकताको परिपूरक हुनुभयो।

यहूदिहरू आफ्नो भूमिमा फकिएपछि एज्राले मानिसहरूलाई त्यही नदीमा रोके र उनीहरू डाडाको गोत्रमा बसोबास गरेको ठाउँलाई पार गर्दै जोखिममा पुगे। तर एकता बद्ध प्रार्थनाको जवाफमा परमेश्वरले सम्पूर्ण फौजलाई अघि बढ्ने र यसको पछाडी आफू पहरेदार हुने प्रतिज्ञा गर्नुभयो। यहोवा स्वयम् तिनीहरूको आवश्यकताको पुरक हुनुभयो। सिपाहीहरूका टोलिले उनिहरूलाई पूर्णतामा रक्षा गर्नु भएको उनिहरूले थाहा गरे।

जब लाजरसको मृत्यु भएर उसलाई चिहानमा लगिएको थियो। मार्था र मरियम ठूलो दुःख र कष्टमा थिए। येशूले तिनिहरूको भाइ लाजरसलाई बिउँताउनु भएर उनिहरूको दुःखको पुरक बन्नुभयो।

येशूले दुःख पाएको कुरा पावलले जब उनको सरिरमा घोचे तब सम्झे। त्यो भन्दा अघि पावललाई त्यस्तो प्रकारको आवश्यकता कहिल्यै पनि परेको थिएन। मुक्तिदाता येशूको अनुग्रहमा उनले मानिसको निम्ति येशूले खानुभएको कोर्राको चोटलाई सम्झे तब उनले महसुस गरे कि उनको कष्टले नयाँ कोण प्रथान गरेको छ। परमेश्वरको शक्तिको कारणले उनी दुःख भोग्न तयार थिए तर ख्रीष्टको शक्तिले उनको कमिलाई पुरा गरिदिनुभयो। जब ऊ कमजोर थियो तर परमेश्वरको पुत्रको शक्ति उसको कमजोरी भन्दा बढी थियो।

**एक्लोपनको समयमा**

प्रेरित यूहन्ना पढमोसको टापूमा जब एक्लै थिए परमेश्वरले उनलाई आत्मामा मर्नुभयो। उनी आत्मामा भरिएर विभिन्न स्वर्गीय दर्शनहरू देखेका थिए। ति दर्शनहरू प्रभु येशूले पवित्र आत्माद्वारा यूहन्नालाई दिनुभएको थियो। ख्रीष्टले आफ्नो शारिरीक प्रकाश दिनु भएको थियो। प्रकाशको पुस्तकमा यूहन्नाले यसरी भन्दछन् “आफ्नो दाहिने बाहुली यसो भनेर म माथि राख्नुभयो, नडराउ आदि अन्त्य र जिवितचाहि म नै हु। म मरेको थिए। हेर म सदा सर्वदाको निम्ति जिवित छु, अनि मृत्यु र पातालका साचाहरू मसित छन्। यसकारण तिमीले जे देख्छौ र जे छ जे हुन आउने छ लेख।” (प्रकाश १ :१७ - १९) तब ख्रीष्टले उनी माथि हात राखी उनले उठाउनुभयो र आफ्नो अनन्त जिवनको रहस्य प्रकट गर्नुभयो। पुरानो अगमवक्ताहरू परमेश्वरको रहस्य प्राप्त गर्नको लागी एक्लो रहनलाई कोही समुन्द्रमा हिँड्नु पऱ्यो, कसैलाई पहाड वा नदिको छेउछाउ जानु पर्दैन जब ढोका थुनेर एक्लै परमेश्वरको खोजी गर्दछौ, ख्रीष्टको आत्मालाई अदृष्य प्रकारले आत्मामा खोजी गर्दछौ उहाँले आफ्नो उपस्थिती हामीलाई दिनुहुन्छ। विभिन्न किसीमका असफलता र अनावश्यक सोचाइले हामीलाई ख्रीष्ट देखि टाढा बनाउँदछ।

थोमस एकेम्पिस भन्छन्, तिम्रो ढोका बन्ध गर र येशूलाई बोलाउ। जब तिमी येशूलाई बोलाउँछौ, येशू नजिक हुनुहुन्छ तब सबै इश्वरीय शक्ति प्रकट हुन्छ। कुनै पनि कठिन कुरा आउँदैनन्। जब उहाँ नजिक हुनुहुन्न भने सबै बाटोहरूमा कठिनता उत्पन्न भएको हुन्छ। यदि हामी कठिनमा परेको बेला येशूले हामीलाई उहाँको वचनद्वारा सानो शब्द बोलेर ठूलो सान्त्वना दिनुहुन्छ। येशू बिनाको जिवन अत्यन्त दुःखी र नरकमय हो तर येशूसँगको जिवन अति नै मिठो र प्रेमिलो हुन्छ।

तर यो सम्झनुपर्छ कि यसप्रकारको संगती प्रेरणाले भरिएको हुन्छ। यूहन्नालाई दिइएको प्रकास तुरुन्तै लेख्न आज्ञा गरियो। त्यसकारण पवित्र आत्मा जो ख्रीष्टसँगको संगतीबाट प्रकट हुनुहुदा करुबहरू जस्तै भएर उहाँको निर्देशण अनुसार संगतिहरू गराउनुपर्छ। यस प्रकारको पवित्र आत्मा र येशूसँग को सम्बन्धमा पूर्ण मिलन र नजजिवन हुन्छ। जब तिनीहरू उहाँमा फर्किन्छन् उहाँले तिनीहरूलाई के काम गर्नुपर्ने हो निर्देश गर्नुहुन्छ।

तसर्थ यदि एक्लो हुनुहुन्छ भने जसरी पदमोसको टापूमा यूहन्नाको विभिन्न भनज र प्रार्थनाहरू प्रभुले सुन्नुभएको थियो त्यसरी तपाईंको प्रभुसँगको सम्बन्धमा गरिएको प्रार्थना

सुन्नुहुनेछ । तपाईं आफै प्रभु तिर फर्कनुहोस् र उहाँको आराधना गर्नुहोस् । जब तपाईं एक्लो हुनुहुन्छ त्यहाँ परमेश्वरले आफ्नो उपस्थिति दिनुहुन्छ । तपाईंले आफ्नो आँखाले प्रत्यक्ष नदेखाइए तापनि आत्मामा उहाँको उपस्थितीको महसुस गर्नुहुनेछ । जब उहाँको नजिक पुग्नुहुन्छ नडराउनुहोस् । उहाँले के भन्नुभएको छ, “म तिनीलाई टुहुरा छाड्ने छैन” यदपि आफ्नो प्रिय साथीले त्यागनसक्छन्, तपाईं एक्लै हुन सक्नुहुन्छ, तपाईं कतै ठुलो घोर जंगलमा रहेको हुनसक्नुहुन्छ तर नडराउनुहोस् । असल गोठालो तपाईंसँगै हुनुहुन्छ । तपाईंलाई अपहरणहरू बाट मुक्त गर्न र एक बदमास सशस्त्र र तपाईंको सत्रुहरूको लागि उहाँ एउटा ढाल हुनु हुनेछ ।

**दुःखको सायमा**

दुःखको समयमा येशूलाई चिन्ने अवसरहरू प्रधान गर्दछ । स्मर्नाको चर्च जस्तै दुःख र कष्टको जाचमा प्रभु उनीहरूसँग प्रकट हुनुभयो ।“अनि स्मर्नाका मण्डलीका दूतलाई यो लेख यी कुरा आदि र अन्त्यले भन्दछ, जो मरेको थियो, र फेरि जीवित भयो । म तिम्रा कष्टहरू र तिम्रो दरिद्रतालाई जान्दछु । तर तिमी धनी नै छौ । म तिमीहरूलाई चिन्दछु जसले आफूलाई यहुदी हौ त भन्छन् तर वास्तवमा तिनीहरू होइनन् । तिनीहरूले गरेको हेर, दियावलसले तिनीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ, र तिनीहरूलाई दिन कष्ट हुनेछ । तिमी मृत्युसम्मै विश्वासी होओ र म तिमीलाई जिवनको मुकुट दिनेछु । जसको कान छ त्यसले सुनोस, पवित्र आत्माले मण्डलीहरूलई के भन्नुहुन्छ । जसले जित्छ, त्यसलाई दोस्रो मृत्युदेखि केही हानि हुने छैन ।” (प्रकाश २ : ८ - ११) परमेश्वरको पुत्र येशू ख्रीष्टलाई क्रूसमा चढ्नको निम्ति पठाइएको थियो यस संसारको दुःख अन्याय, पापको बन्धनहरूलाई तोड्नको निम्नि तर मानिसले उहाँलाई अपमान गरे, हजारौले थुके, कुल्चे र गील्ला गरे । तर उहाँ त संसारको मानिसहरूको निम्नि राजकुमार भएर आउनु भएको थियो । पवित्र आत्माको शक्तिद्वारा ख्रीष्टको क्रूसबाहेक अरू कुनै पनि स्वर्ग जाने बाटो छैन । ख्रीष्टद्वारा मात्र स्वर्ग जानको लागि बाटो तयार बनाइएको थियो ।

पिडाको कुराबाट ख्रीष्ट नजिक हुनुहुन्छ भन्ने कुरा पावलको जिवनबाट थाहा पाउन सकिन्छ । उनी जब पिडाको परिक्षामा थिए ख्रीष्ट उनको नजिक आउनु भएको थियो । “हाम्रो बदनाम हुँदा प्रेम पूर्वक जवाफ दिन्छौ । अहिलेसम्म हामी संसारको फोहोर र कसिङ्गर बनेका छौ ।” (१ कोरिन्थी ४ :१३) पावल सधै येशूको मृत्युको बारेमा चिन्तित थिए । गरिब, उत्पीडन, घृणीत जसलाई उहाँले क्रूसद्वारा विजय दिनुभयो । उहाँ मानिसहरू तिखाएको समयमा प्रकट हुनुहुन्छ र तिनीहरूलाई तृप्त पार्नुहुन्छ । हरेक मानिस जो ख्रीष्टको नजिक हुन्छ र उहाँसँग सँगै कष्टभोगमा सहभागी हुन्छ त्यो व्यक्तिको विरुद्धमा अरू कोहि पनि खडा हुन सक्दैन । त्यो मानिस जिवनभर मृत्यु, उचाइ र गहिराइलाई चुनौति दिँदै परमेश्वरको प्रेमबाट अलग गर्नेहरूको अगाडि ईश्वरीय आत्माले भरिपूर्ण भएर आशाले भरिएको व्यक्ति देखिन्छ । दुःख र कष्टदेखि नडराउनुहोस । जब येशू तपाईंसँग हुनुहुन्छ भने कहिल्यै पछाडि नहेर्नुहोस् । उहाँ हाम्रो अगाडि हिँडनुहुन्छ र हामीलाई अरू साधारण मानिसहरू भन्दा सात गुणा उच्च राख्नुहुन्छ ।

संसारमा रहँदा मानिसहरूलाई विभिन्न किसिमका सांसारीक दुःख त हुन सक्छन् तर पनि ख्रीष्ट येशूले तिनीहरूलाई जिवनको मुकुट सहित हाम्रो नजिकतामा उभिरहनु भएको हुन्छ । जसलाई उहाँले हाम्रो शिरमा पहिऱ्याइदिनुहुनेछ । हामी हाम्रा कष्टहरू वा मानवीय सहानुभूतिको कमिको गुनासो नगरौ वा मानिसहरूलाई इश्वरीय प्रेमको आलोचना गर्न अनुमती नदिऔ । बरु हामी खुसी हौ कि हरेक दुःख कष्ट र अशक्ततामा उहाँ हाम्रो साथमा हुनुहुन्छ भने पूर्ण भरोसा राखौ कि उहाँको शक्ति हामीमा प्रशस्त मात्रामा रहेको छ । मृत्युसम्मै विश्वासी हुनुहोस र उहाँले तपाईंलाई अनन्तताको जिवन दिनुहुनेछ र तपाईंले विजयप्राप्त गर्नुहुनेछ । गल्लिका चारै तिरबाट पाइएका हजारौं बिरामी मानिसहरूलाई येशूले चङ्गाह गर्नुहुन्छ भन्ने विश्वास नभएको भए त्यति धेरै कुष्टरोगीहरू, पक्षघातीहरू, अशुद्ध आत्माले सताइएकाहरूले शक्ति पाउने थिएनन् र चङ्गाइ हुने थिएनन् । यसैले प्रत्येक परीक्षा र दुःखमा उहाँ हाम्रो जिवनमा आउनुहुन्छ र हाम्रा सबै दुःखमा उहाँ साझेदारी बन्नुहुन्छ । र हामीलाई स्वर्गीय राज्यहरूको अद्भुत अस्तित्वको केहि नया चरण दिएर राम्रो आवश्यकता उहाँ पूरक बन्नु हुनेछ ।

**तिर्खाएको समयमा**

येशूसँगको घण्टौको तिर्खाले घनिष्ट ज्ञानको अवसर मिल्छ, “उहाँले मलाई भन्नुभयो, अब सिद्धियो” म अल्फा

# प्रतिज्ञा गरिएको शक्ति

## Promised Strength

March/April Issue 2020

परमेश्वरले मानिसहरूलाई शक्ति दिनको निम्ति विभिन्न ठाउँमा प्रतिज्ञा गर्नुभएको छ । उहाँले भन्नुभयो "तिम्रा ढोकाका अग्ला फलाम र काँसका हुनेछन्, जस्तो तिम्रा दिन त्यस्तै तिम्रो शक्ति हुनेछ ।" (यशैया ३३:२५) "आवश्यकताको प्रत्येक क्षणमा नडराउ किनकि म तिमीसँग छु निरास नहोऊ किनकि म तिम्रो परमेश्वर हुँ ।"

जब तपाईंको कठिनाइहरू र खतराहरू खडा हुन्छन् तपाईंको आफ्नै कमजोरी र अपर्याप्तताको सोचाइले तपाईंलाई निरुत्साहित पार्न नदिनुहोस् :" यसैले नडरा, किनकि म तँसित छु । निरुत्साहित नहो, किनकि म तेरा परमेश्वर छु । म तँलाई बलियो पार्नेछु । म तलाई सहायता गर्नेछु । मेरो धार्मिकताको दाहिने हातले म तलाई समात्नेछु ।" (यशैया ४१:१०) "दाखको बोट म हु, तिमीहरूचाहि हागाहरू हौ । यदि कोही ममा रहयो भने म त्यसमा रहे भने, त्यसले धेरै फल फलाउछ, किनकी मबाट अलग रहेर तिमीहरू केहि गर्न सक्दैनौ ।" (यूहन्ना १५:५)"तर मलाई उहाँले भन्नुभयो, मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ । यसकारण खीष्टको शक्ति माथि वास गरोस भनेर बरु मेरो दुर्बलतामा बढी खुसीसाथ गर्न गर्ने गर्नेछु ।" (२ कोरिन्थी १२:९) तपाईं सर्वोच्च परमेश्वरको जयजयकार आश्वासनहरू सुन्नुहोस, सहास लिनुहोस र खुसी हुनुहोसु । "मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्ति अनुसार तिमीहरूको हरेक खाँचो खीष्ट येशूमा पूरा गरिदिनुहुनेछ ।" (फिलिस्पी ४ : १९)

याद गर्नुहोस कि परमेश्वरले प्रतिज्ञा गर्नुभएको शक्ति हामीलाई पर्याप्त हुने शक्ति हो । प्रत्येक दिन परमेश्वरले हाम्रो जिवनमा नयाँ नयाँ बल (शक्ति) दिनुहुन्छ । सर्वशक्तिमान सृष्टिकर्ताले आफ्नो मानिसहरूलाई उनिहरूको संघर्षमा चाहिने आवश्यक शक्ति प्रधान गर्ने प्रतिज्ञा गर्नुभएको छ । त्यसैले भजन लेखकले कृतज्ञताकासाथ यसरी भन्दछन् "परमप्रभु मेरो चट्टान, मेरो किल्ला र मेरो उद्धारक हुनुहुन्छ । मेरा परमेश्वर मेरो चट्टान हुनुहुन्छ, जसमा म शरण लिन्छु उहाँ मेरो ढाल र मेरो शक्तिशाली उद्धारक हुनुहुन्छ, मेरो गढ ।" (भजनसंग्रह १८ : २) "हे मानिस हो, सब समय उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्नो मन खोल, किनकि परमेश्वर हाम्रो शरणास्थान हुनुहुन्छ ।" (भजनसग्रह ६२ :८) "सदासर्वदा परमप्रभुमा भरोसा राख, किनभने परमप्रभु, परमप्रभु नै सनातनका चट्टान हुनुहुन्छ ।" (यशैया २६ :४)

तर प्रतिज्ञा गरिएको शक्ति दैनिक शक्ति हो । द्वन्द्व र दुःखको अवधिमा तपाईंले परमेश्वरबाट ताजा शक्ति खोज्नुपर्छ । तपाईं विगतका आपूर्तिहरूमा बाँच्न सक्नुहुन्छ । आत्मिक सहायता, जुन तपाईं चाहानुहुन्छ, सधैं सही समयमा दिइनेछ । हरेक दिन, हरेक घण्टा, एक एक क्षण तपाईंले उहाँमाथि भरोसा राख्नुपर्दछ र उहाँलाई हेर्नुहोस् ।

यो सत्य हो कि तपाईं कमजोर हुनुहुन्छ तर उहाँको शक्तिले तपाईंलाई बलियो पार्छ तपाईंको धेरै अशक्तताहरू छन् । तर उहाँको शक्तिले तपाईंलाई बल दिन्छ नडराउनुहोस् उद्धारकलाई हेर्नुहोस् र उहाँको निर्देशनहरू पालना गर्नुहोस् । "होइन यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरू भन्दा पनि अझ बढी छौं ।" (रोमी ८ : ३७)

र ओमेगा हु आदि र अन्त्य म नै हुँ, तिर्खाउनेहरूलाई जीवनका पानीको कुवाबाट म सित्तैमा दिनेछु । जसले विजय प्राप्त गर्छ त्यसले यो उत्तराधिकार पाउनेछ र म तयसका परमेश्वर हुनेछु र त्यो चाहिँ मेरो छोरा हुनेछ ।" (प्रकाश २१ : ६ - ७) यदि सामरी स्त्रीलाई तिर्खा नलागेको भए त्यो दिनमा कुवामा पानी लिन जाने थिइन् । यदि दाउदलाई आत्माको तृष्णा नभएको भए हरिण पानीको निम्ति तृष्णीत भए जस्तै मेरो आत्मा तृष्णीत भएको छ भन्ने थिएन ।"जसरी हरीणले खोलाको पानीको तृष्णा गर्दछ, त्यसरी नै हे परमेश्वर मेरा प्राणले तपाईंको तृष्णा गर्दछ ।" (भजन संग्रह ४२:१) यदि हामीलाई सबैकुरा आफैमा पूर्ण भयो भने खीष्ट किन चाहियो भनेर हामी कहिलेकाही प्रश्न गर्न सक्छौ तर हाम्रो जीवनमा भोक र तिर्खाले ग्रस्त हुन्छौ तब परमेश्वरको खोजी गर्न थाल्छौ । यदि हामी आफैमा भर पर्‍यौ भने हामीले फेल खानुपर्छ । तर जिवित परमेश्वरमा जसले हामीलाई प्रशस्तताको जिवन दिनुहुन्छ उहाँमा नै हामी हाम्रो प्यासलाई तृप्त गर्न सक्छौ ।

ओह, धन्य आत्मामा निर्भरता नभएकाहरू जो खीष्टसँग भर पर्दछन् र असल व्यवहार गर्न सक्छन् । जसरी प्रकृति विस्तार हुँदै जान्छ, नया चाहानाहरू बढ्दै जादा नयाँ गहिरो गहिराइमा पुग्दा हामी केवल उहाँको सम्पूर्णतालाई अझ बढि सिक्नेछौ र उहाँको सत्य जिवनको मार्गमा हिंड्ने छौं ।

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):


जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442



**Published by: Gospel Revival Inc.**


**(all rights reserved)**


**Counselor: Rich Carmicheal**

**Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682**

**Co- Editor: Mrs. Shanti Poudel**

**Editor: Mr. Nava Raj Panta**

**website: www.nepalherald.blogspot.com**